भूमिकास्थान नगरपालिका

# स्थानीय राजपत्र

खण्ड-४, संख्या : १५, चैत्र ११ गते, २०७७

भाग-२

भुमिकास्थान नगरपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बाली तथा पशुधन बिमा प्रिमियममा अनुदान कार्यक्रम संचालन कार्यविधि-२०७७

**मिति २०७७/१२/०३ को कार्यपालिकाको बैठकबाट पारित**

**प्रस्तावना:** कृषि तथा पशुपालन व्यवसायमा भएका जोखिमहरु कम गरी व्यवसायमा कृषकहरुलाई आकर्षण गर्न कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी बढाउन आवश्यक भएकोले सो आवश्यकता लाई सम्बोधन गर्दै कृषिको व्यवसायीकरणका लागि जोखिम न्युनीकरण गरि कृषकले पशुपन्छी र कृषि उपजमा गरेको लगानीलाई सुरक्षित गर्न बिमा कार्यक्रममा कृषकले तिरेको बिमा प्रिमियम बापतको ७५५ रकम सघिय सरकारले व्यहोर्दै आएको हुँदा यस भूमिकास्थान नगरपालिका ले आ.व.०७७/०७८ मा बालि तथा पशुधनको बिमा प्रिमियम बापतको कृषकले ब्यहोर्दै आएको २५५ बिमा प्रिमियम रकमलाई सतप्रतिशत मानी सो को ७० ५ रकम यस नगरपालिकाले ब्यहोर्ने र ३०५ बराबरको रकम सम्बन्धित कृषकले व्यहोर्ने गरि कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को अधिकार प्रयोग गरी भूमिकास्थान नगरपालिकाले बालि तथा पशुधन बिमा प्रिमियम अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७७ स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र परिभाषा :**

(१) यो कार्यविधिको नाम **“बालि तथा पशुधन बिमाको प्रिमियममा अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७७”** रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) **“नगरपालिका”** भन्नाले भूमिकास्थान नगरपालिकालाई सम्झनु पर्नेछ ।

ख) **“कृषि तथा पशु सेवा शाखा”** भन्नाले भूमिकास्थान नगरपालिकाको कृषि तथा पशु सेवा शाखालाई सम्झनु पर्नेछ ।

ग) **“बाली”** भन्नाले धान, गहु, मकै, तरकारी, फलफुल, आलुबाली आदिलाई सम्झनु पर्दछ ।

घ) **“पशुधन”** भन्नाले घरपालुवा पशु र पन्छीहरु जस्तै गाई, भैसी, बाखा





भेडा, कुखुरा आदिलाई सम्झनु पर्दछ ।

ङ) **“बीमक”** भन्नाले बीमा ऐन, २०४९ बमोजिम दर्ता भएको कम्पनी सम्झनु पर्दछ ।

च) **“बीमित”** भन्नाले बाली तथा पशुपन्छीको बीमा गराउने ब्यक्ति, कृषक समुह, कृषि सहकारी भन्ने सम्झनु पर्दछ ।

छ) **“कार्यविधि”** भन्नाले बालि तथा पशुधन बीमाको प्रिमियममा अनुदान कार्यक्रम संचालन कार्यविधि-२०७७ सम्झनु पर्दछ ।

**३. उदेश्यहरु :**

क) कृषकको काबु भन्दा बाहिरको परिस्थितीबाट हुन सक्ने सम्भावित जोखिम न्युनिकरण गरि कृषकहरुलाई व्यवसायिक खेति तथा पशुपालन तर्फ आकर्षित गर्न सहयोग गर्ने ।

## परिच्छेद-२
## कार्यक्रम संचालन सम्बन्धी व्यवस्था :

**४. कार्यक्रम संचालन हुने स्थानहरु :** भूमिकास्थान नगरपालिकाका सम्पुर्ण वडाहरुमा लागु हुनेछ ।

**५. कार्यक्रमको अवधि :** यो कार्यक्रमको अवधि एक आर्थिक बर्षको हुनेछ

**६. कार्यक्रम लागु हुने पशु तथा बालिवस्तुहरु :**

क) गाई
ख) भैसी
ग) भेडा
घ) बाखा
ङ) बंगुर
च) कुखुरा
छ) धान बाली
ज) गहु बालि
झ) मकै बाली
ञ) तरकारी बाली
ट) फलफूल बाली

ठ) आलु बाली

ट) तेलहन बाली

ठ) दलहन बाली आदि ।

**७. कृषक छनौटका आधारहरु :**

क) भुमिकास्थान नगरपालिका भित्र कृषि तथा पशुपालन व्यवसाय गरेको हुनुपर्नेछ ।

ख) बीमा ऐन, २०४९ बमोजिम दर्ता भएको बीमा कम्पनीबाट बीमा गरेको हुनु पर्नेछ ।

ग) बजेट विनियोजित भएको आर्थिक वर्ष भित्र बीमा गरिएको हुनुपर्नेछ ।

**८. कार्यक्रम संचालन प्रक्रिया :**

क) कार्यक्रम कार्यान्वयनका लागि भूमिकास्थान नगरपालिकाले अनुसुची-१ बमोजिम सार्वजनिक सुचना आव्हान गर्नेछ ।

ख) अनुदान प्राप्त गर्न इच्छुक कृषकले बाली तथा पशुपन्छी बीमा गरी अनुसुची-२ बमोजिमको ढाँचामा सम्बन्धित वडाको सिफारिस सहित निवेदन पेश गर्नु पर्नेछ ।

ग) कृषि तथा पशु सेवा शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्ताव स्वीकृत गरिने छ ।

घ) बालि तथा पशुधनको लागि विनियोजित बजेट अषाढ मसान्त अगावै खर्च भएमा कार्यक्रम स्वत समाप्त हुनेछ ।

ङ) बाली तथा पशुधन बीमा कार्यक्रमबाट कृषकहरुले कृषि तथा पशु बीमा प्रिमियमबापत कृषकले ब्यहोर्दै आएको २५५ बिमा प्रिमियम रकमलाई सत प्रतिशत मानी सो को ७० ५ रकम यस नगरपालिकाले ब्यहोर्ने र ३०५ बराबरको रकम सम्बन्धित कृषकले व्यहोर्ने गरि नगरपालिकाले उपलब्ध गराउने छ ।

च) नगरपालिका अन्तर्गत बाली तथा पशुधन बिमा गराउने प्रयोजनको लागि नगरपालिका भित्रका तालिम प्राप्त अभिकर्ता मार्फत बिमा गराउन प्राथमिकता दिईने छ ।





## परिच्छेद-३

**९. भुक्तानी प्रक्रिया :**

बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान कार्यक्रमको भुक्तानी प्रक्रिया नगर कृषि तथा पशु सेवा शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरि कृषि तथा पशु सेवा शाखा वा वडा पशु स्वास्थ्य प्राविधिकले आर्थिक प्रशासन शाखाबाट एकमुष्ठ चौमासिक रकम भक्तानी माग गरि कृषकलाई बिमा प्रिमियम बापत तिरेको रकमको ७०% रकम भरपाई गरि भुक्तानी गरिनेछ ।

## अनुसुची-१
## (कार्यविधिको दफा ८ को (क) सँग सम्बन्धित )

## बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान कार्यक्रमका लागि दरखास्त आव्हान सम्बन्धी सुचना

आ.व.२०...।...... को कृषि तथा पशु सेवा शाखाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार बाली तथा पशुधन बिमा प्रिमियममा अनुदान कार्यक्रम संचालन कार्यविधि-२०७७ बमोजिमको ................ बिमा कार्यक्रममा सहभागी हुन इच्छुक कृषकहरुले यो सुचना प्रकाशन भएको मितिले कार्यक्रम समाप्तिको सुचाना प्रकाशन नहुदा सम्म तपशिल बमोजिका कागजातहरु सहित निवेदन दर्ता गर्नु हुन आह्वान गरिन्छ ।

थप जानकारीको लागि भूमिकास्थान नगरपालिकाको कृषि तथा पशु सेवा शाखाको मो.नं.........................मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**आवश्यक कागजातहरु :**

१. भूमिकास्थान नगरपालिका पशु सेवा शाखाले उपलब्ध गराएको ढाँचाको निवेदन ।

२. पशु बीमा लेख. ।

३. वडा कार्यालयबाट भूमिकास्थान नगरपालिका भित्र पशुपालन गरेको व्यहोरा सहितको सिफारिस ।

आवश्यक मापदण्ड :

१. भूमिकास्थान नगरपालिका भित्र कृषि तथा पशुपालन व्यवसाय गरेको हुनुपर्नेछ ।

२. बीमा ऐन,२०४९ बमोजिम दर्ता भएको बीमा कम्पनीबाट बीमा गरेको हुनु पर्दछ ।

३. आर्थिक वर्ष.०७७।०७८ मा बीमा गरेको हुनुपर्नेछ ।





## अनुसुची-२
## (कार्यविधिको दफा ८ को (ख) सँग सम्बन्धित )

मितिः ........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु ,
भूमिकास्थान नगरपालिका नुवाकोट,
अर्घाखाँची ।

**विषयः बिमा प्रिमियम अनुदान रकम पाँऊ ।**

उपरोक्त सम्बन्धमा यस भुमिकास्थान नगरपालिका पशु सेवा शाखाको आ.व.०७७।०७८ मा स्वीकृत बालि तथा पशुधन बिमा प्रिमियममा अनुदान कार्यक्रमको अनुदान रकमका लागि यसै निवेदन साथ तपशिलका कागजातहरु संग्लग्न राखि यो निवेदन पेश गरेको छु ।

**तपशिलः**

१. निवेदन

२. नेपाली नागरिकताको प्रमाण पत्रको फोटोकपी

३. पशु बिमा प्रमाण पत्रको प्रतिलिपि

४. वडा कार्यालयबाट भूमिकास्थान नगरपालिका भित्र कृषि तथा पशुपालन गरेको ब्यहोरा सहितको सिफारिस ।

निवेदक
हस्ताक्षर :
कृषकको नाम,थर :
कृषकको ठेगाना :
सर्म्पक नं.:

आज्ञाले
(लिल बहादुर राउत क्षेत्री)
प्रमुख प्रशासकीय अधिकृत